# प्रेस विज्ञप्ति- ३०४

# Press Release- 304

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७८।१२।०२ गते।

## लागु औषध खैरो हेरोईन कारोवारमा संलग्न १२ जना मानिस १९१ ग्राम ७१०मि. ग्राम सहित पक्राउ

उपत्यकामा लागु औषधको अबैध कारोबार भईरहेको भन्ने सूचनाको आधारमा लागु औषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले विभिन्न मितिमा **लागु औषध खैरो हेरोईन १९१.७१० ग्राम** सहित उक्त अबैध कारोबारमा संलग्न **१२ जना** मानिसहरुलाई पक्राउ गरिएको।

१. मिति २०७८।११।२३ गते काठमाण्डौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ७ स्थित सडक किनारमा जिल्ला काठमाण्डौ कागेश्वरी मनोहरा न.पा. वडा नं. ७ ठेगाना भएका बर्ष ३३ का **बिक्रम नगरकोटी,** ऐ.ऐ. ठेगाना भएका बर्ष २१ का **रोजन बस्नेत** र ऐ.ऐ. वडा नं. ८ ठेगाना भएका बर्ष ४६ का **माधब प्रसाद दाहाल** समेतका ३ जना सँगसाथै रहेको अबस्थामा बिक्रम नगरकोटीको साथबाट **लागु औषध खैरो हेरोईन १५० मिलिग्राम** बरामद गरी ३ जना पक्राउ गरिएको।

२. **बिक्रम नगरकोटी**सँग लागु औषध कारोवारमा संलग्न जिल्ला काभ्रेपलान्चोक तेमाल गा.पा. वडा नं. ७ ठेगाना भएका बर्ष ३० को **देबी सिं तामाङ**लाई मिति २०७८।११।२३ गते **लागु औषध खैरो हेरोईन १७० मिलिग्राम** सहित जिल्ला भक्तपुर चाँगुनारायण न.पा. वडा नं. ४ स्थितबाट पक्राउ गरिएको।

३. **देबी सिं तामाङसँग** लागु औषध कारोबारमा संलग्न जिल्ला मोरङ बेलबारी न.पा. वडा नं. ५ ठेगाना भएका बर्ष ३१ की **कविता गुरुङ** र जिल्ला काभ्रेपलान्चोक तेमाल गा.पा. वडा नं. ९ ठेगाना भएका बर्ष ३३ को **मिलन लामालाई** मिति २०७८।११।२३ गते संगसाथै रहेको अबस्थामा कबिता गुरूङको जिल्ला काठमाण्डौं कागेश्वरी न.पा.वडा नं. ८ स्थितमा रहेको डेराकोठाबाट **लागु औषध खैरो हेरोईन ६५.५ ग्राम** सहित पक्राउ गरिएको।

४. **कबिता गुरुङ**लाई लागु औषध उपलव्ध गराउने जिल्ला सुनसरी, कोशी गा.पा. वडा न. ८ ठेगाना भएका बर्ष २२ का **मिथुन कुमार यादव** र ऐ. ऐ. वतन भएका बर्ष १९ को **प्रमोद कुमार सरदार**लाई २ जना सँगसाथै रहेको अबस्थामा लागु औषध नियन्त्रण ब्युरो शाखा कार्यालय बिराटनगरबाट खटिएको प्रहरी टोलीले जिल्ला सुनसरी ईनरुवा न.पा. ४ बाट लागु औषध खैरो हेरोईन ९६ ग्राम ७९० मिलिग्राम सहित मिति २०७८।११।२७ गते पक्राउ गरी आबश्यक अनुसन्धानको लागी जिल्ला प्रहरी कार्यालय सुनसरीमा बुझाईएको।

५. मिति २०७८।११।२६ गते जिल्ला सिन्धुपाल्चोक लिसखु गा.पा. ७ ठेगाना भएका बर्ष २५ को **रोमन भण्डारी** र जिल्ला दोलखा भिमेश्वर न.पा. वडा नं. ५ ठेगाना भएका बर्ष २५ की **प्रज्ञा कार्की**लाई जिल्ला काठमाण्डौं कागेश्वरी न.पा.वडा नं. ९ डेराकोठामा सँगसाथै रहेको अबस्थामा **लागु औषध खैरो हेरोईन २९ ग्राम** सहित पक्राउ गरिएको साथै उक्त कारोबारमा संलग्न भारत पश्चिम बंगाल मेदनापुर देवराथाना ठेगाना भएका बर्ष २९ को भारतिय नागरिक मिजाहिद राजालाई **लागु औषध खैरो हेरोईन १०० मिलिग्राम** सहित का.जि.का.म.न.पा. वडा नं.३२ स्थित पेप्सिकोलाबाट तथा जिल्ला सिन्धुपाल्चोक साँगाचौतारागढी न.पा.४ ठेगाना भएका बर्ष ३८ को **राजेश नेपाल**लाई का.जि.का.म.न.पा.३२ बाट पक्राउ गरिएको।

पक्राउ परेका उल्लेखित व्यक्तिहरूलाई लागु औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध।

**प्रहरी उपरीक्षक**
**(जीवन कुमार श्रेष्ठ)**
**सम्पर्क नं. ९८५११३२७४३**